नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

प.सं. २०७८।७९
च.नं.: १८१

मिति: २०७८।०५।१०

बिषयः खरिद इकाई गठन र खरिद योजना जानकारी गराउने सम्बन्धमा।

श्री सार्वजनिक निकाय (सबै)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा ३ मा खरिद इकाई सम्बन्धी व्यवस्था रहेको छ। उक्त ऐनको दफा ६ र नियमावलीको नियम ८ मा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद सम्बन्धी कार्यलाई सरल, प्रभावकारी र नतिजामुखी बनाउन यस कार्यालयबाट ऐनको दफा ६९ र विधुतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ अनुसार National Electronic Government Procurement System (e-GP) सञ्चालन गरी सबै सार्वजनिक खरिदका कार्यलाई एउटै पोर्टलबाट व्यवस्थित गरिएको, सार्वजनिक निकायमा खरिद सम्बन्धी कार्य गर्ने निकायका कर्मचारीहरुको योग्यता निर्धारण मापदण्ड, २०७८ र वार्षिक खरिद योजना एवम् खरिद गुरुयोजनाको ढाँचा (प्रयोग गर्ने तरिका सहितको) कार्यान्वयनमा रहेको व्यहोरा अवगत नै छ।

यसर्थ, उक्त व्यवस्था अनुसार सबै सार्वजनिक निकायले आफ्नो खरिद इकाई गठनको जानकारी यस कार्यालयलाई २०७८ साल भाद्र २५ गते भित्र गराउनुहुन र वार्षिक खरिद योजना समेत तयार गरी २०७८ साल भाद्र मसान्त भित्र सार्वजनिक गर्नु हुन अनुरोध छ।सो अनुसार खरिद इकाई गठनको जानकारी यस कार्यालयलाई गराउनु हुनको साथै वार्षिक खरिद योजना https://www.bolpatra.gov.np/egp/ मा गई प्रणालीमा भाद्र मसान्त भित्र upload गरि सक्नु हुन अनुरोध छ।

यस अनुसारको कार्य भए नभएको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ को उपदफा १ को खण्ड (घ) बमोजिम यस कार्यालयबाट निरन्तर अनुगमन गरी खरिद योजनाको सम्बन्धमा प्रणालीमा आधारित भई भाद्र महिना समाप्त भएपछि यस कार्यालयबाट विवरण सार्वजनिक गरिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

२०७८।०५।१०

..................
विष्णु प्रसाद कोइराला
सहसचिव एवम् प्रवक्ता

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जानकारीका लागि अनुरोध।
श्री मन्त्रालय/आयोग/सचिवालय (केन्द्रीय निकाय सबै):- आफू र मातहातका निकाय एवम् कार्यालयलाई यस अनुसार गर्ने गराउने सम्बन्धमा आवश्यक निर्देशन र सहजीकरण हुन अनुरोध।